# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०५।०६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-------------------------------------------------

जिल्ला शिक्षा कार्यालय उदयपुरमा सव-इन्जिनियर पदमा कार्यरत पिताम्बर यादवले नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी उक्त पदमा नियुक्ति भएकाले निजको प्रमाण-पत्र उपर छानविन गरीपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान तथा छानविन हुँदा निजले उक्त पदमा नियुक्ति पाउने र सो हैसियतले लाभ तथा सुविधा पाउने उद्देश्यले त्रिभुवन विश्वबिद्यालयबाट Diploma in Civil Engineering उत्तिर्ण भएको नक्कली एवं झुठ्ठा प्रमाणपत्रहरु पेश गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवं सूचना अधिकारी